दर्ता नं : जि.प्र.का. ०१/०३४/०३५ स.क.प. दर्ता नं : ११८५२ पान नं : ३०२०३८९१८

# Trekking Agencies' Association of Nepal (TAAN)
# ट्रेकिङ्ग एजेन्सिज एसोसिएसन अफ नेपाल (टान)

गणेशस्थान, मालीगाउँ, काठमाण्डौ

पत्रसंख्या : ३०६।०८२।०८३।अ.
मिति : २०८२ चैत्र ०८ गते

**श्रीमान् महानिर्देशक ज्यू,**
अध्यागमन विभाग
कालिकास्थान, काठमाण्डौं ।

***विषय : निशेधित क्षेत्रको पदयात्रा सम्बन्धमा नीतिगत सुधार सम्बन्धमा ।***

महोदय,

उपरोक्त सम्बन्धमा पर्वतीय पर्यटन अनुभवका लागि नेपाल भ्रमणमा आउने अधिकांश पर्यटकहरुको मुख्य क्रियाकलाप पदयात्रा (Trekking) हुने गरेको यथार्थ महानिर्देशक ज्यूलाई अवगत गराउन चाहन्छौं । पदयात्रा तथा पर्वतीय पर्यटन गन्तव्यहरुलाई सुरक्षित तथा प्रतिस्पर्धी बनाउनुका साथै पर्यटकहरुको यात्रालाई सहज बनाई नेपाललाई पर्वतीय पर्यटनको अद्धितीय गन्तव्यका रुपमा प्रवर्धन गर्न र पदयात्रा तथा पर्वतीय पर्यटन विकासको माध्यमवाट देशको अर्थतन्त्र र रोजगारीमा हुने योगदानलाई अभिवृद्धि गर्नका लागि निशेधित क्षेत्रको पदयात्रा सम्वन्धमा देहाय बमोजिमका नीतिगत सुधारहरु गर्नु पर्ने भएकाले सो का लागि महानिर्देशक ज्यू समक्ष हार्दिक अनुरोध गर्न चाहन्छौं ।

***(१) एकल पर्यटकले पनि निषेधित क्षेत्रको पदयात्रा गर्न पाउने ब्यवस्था गरिदिनु हुन ।***

अध्यागमन ऐन २०४९, नियमावली २०५१ तथा सो सम्वन्धमा तयार गरि लागु गरिएका कार्यविधिहरुमा व्यवस्था गरिए वमोजिम नेपाल सरकारले उपल्लो मुस्ताङ, उपल्लो डोल्पा, गोरखा मनास्लु क्षेत्र, हुम्ला, ताप्लेजुङ, तल्लो डोल्पा क्षेत्र, दोलखा, गोरखा चुम उपत्यका क्षेत्र, संखुवासभा, सोलुखुम्वु, रसुवा, मनाङ, बझाङ, मुगु र दार्चुला का निश्चित स्थानहरुलाई ***अनुमति लिई पदयात्रा गर्नुपर्ने क्षेत्र*** का रुपमा घोषणा गरेको छ । सो क्षेत्रमा पदयात्रामा जान चाहने पर्यटकहरुले इजाजत प्राप्त ट्रेकिङ्ग एजेन्सी मार्फत अध्यागमन विभाग बाट जारी गरिने निषेधित क्षेत्र प्रवेश अनुमति पत्र लिएर **कम्तिमा २ जनाको समुहमा मात्र** जान सक्ने कानुनी प्रावधान रहेको छ ।

कम्तिमा २ जनाको समुहमा मात्र जान पाउने कानूनि प्रावधानले हजारौ एकल पर्यटकहरु सो क्षेत्रको भ्रमण गर्नवाट बञ्चित भईरहेको अवस्था विद्यामान छ। जसका कारण अनुमति लिई पदयात्रा गर्नुपर्ने क्षेत्रमा पदयात्रामा जान चाहने पर्यटकहरुको संख्या बढ्न नसक्दा एकातीर राज्यले वर्षेनी लाखौ डलर राजस्व गुमाउनु परेको छ भने अर्कोतीर अत्यावश्यकीय पर्यटन पूर्वाधारहरु तयार भई सक्दा पनि दुर्गम क्षेत्रका समुदायले पर्यटन क्षेत्रबाट लिन सकिने आर्थिक फाइदावाट प्राप्त गर्नबाट बञ्चित हुनुपरेको छ । यसैगरि हजारौ यूवाहरुले स्थानीय स्तरमा प्राप्त गर्न सकिने रोजगारीको अवसरवाट वञ्चित हुनु परेको छ । कतिपय

P.O.Box: 3612, Ganesthan, Maligaon, Kathmandu, Nepal, Tel: +977 1 4540920, 4540921, 4527473
Email: info@taan.org.np, taansecretariat@gmail.com, Web: www.taan.org.np

अवस्थामा १ भन्दा बढि ट्रेकिङ कम्पनीहरुले निशेधित क्षेत्रको पदयात्रामा जाने पदयात्रीहरु एउटै समुहमा समावेश गरि कम्तिमा २ जनाको समुह बनाएर पदयात्रा गराउनुपर्ने बाध्यात्मक परिस्थिती सृजना हुँदा व्यवसायिक क्रियाकलाप र रोजगारी दुवैमा संकुचन आउने अवस्था सृजना भएको छ । कतिपय अवस्थामा कुनै १ अमुक विदेशी पर्यटकको नाममा अनुमति पत्र तयार गरि २ जनाको समूह बनाई लिई पदयात्रामा जाने गलत परम्परालाई पनि प्रोत्साहन पुगिरहेको छ ।

अत: अनुमति लिई पदयात्रा गर्नुपर्ने क्षेत्रमा ***एकल पर्यटक पनि जान पाउने*** गरि नीतिगत व्यवस्था हुनका लागि महानिर्देशक ज्यू समक्ष विनम्र अनुरोध गर्दछौं ।

साथै निशेधित क्षेत्रको पदयात्रामा जाने पर्यटकहरुले ट्रेकिङ एजेन्सीहरु मार्फत **प्रत्येक ५ जना पदयात्रीहरुका लागि कम्तिमा १ जना ट्रेकिङ गाइड (पथ प्रदर्शक) लिएर मात्र जाने** व्यवस्था गर्नका लागि समेत हार्दिक अनुरोध गर्दछौं ।

***(२) पर्यटकहरुको नेपाल आगमन हुनु अगावै निशेधित क्षेत्रको पदयात्रा अनुमति पत्र जारी गर्न पाउने व्यवस्था गरिदिनु हुन ।***

विदेशी पर्यटकहरुले नेपाल प्रवेश गरिसकेपछि भिसा प्राप्त गरेको निश्सा समेत संलग्न राखि सकेपछि मात्र निशेधित क्षेत्रको अनुमति पत्र प्राप्त गर्न सकिने हालको व्यवस्थाका कारण पर्यटकहरुले अनुमति पत्र प्राप्त गर्नकै लागि मात्र अनावश्यक रुपमा थप समय पर्खिनुपर्ने व्यवस्थाका कारण पर्यटकहरुबाट निरन्तर रुपमा गुनाशो आउने गरेको व्यहोरा गवगत गराउन चाहन्छौं ।

अत: निशेधित क्षेत्रमा जाने पर्यटकहरुको भ्रमणलाई सहज बनाउनका लागि विधिवत् रुपमा दर्ता भएका र अध्यागमन विभागको प्रणालीमा जोडिई सकेका ट्रेकिङ एजेन्सीहरु मार्फत निशेधित क्षेत्रको भ्रमणमा जानका लागि बिधिबत् रुपमा पेश गरिने आबेदन बमोजिम पर्यटकहरुलाई **नेपाल प्रवेश गर्नु अगावै निशेधित क्षेत्र अनुमति पत्र जारी हुने व्यवस्था हुनका लागि** हार्दिक अनुरोध गर्दछौं ।

स-धन्यबाद ।

TREKKING AGENCIES' ASSOCIATION OF NEPAL
Kathmandu

..................
**सागर पाण्डे**
अध्यक्ष



Scanned with CamScanner